यस हिमालयन डिष्टिलरी लिमिटेडको मिति २०७४ साल कार्तिक २९ गते बसेको संचालक समितिको बैठकव निर्णयानुसार कम्पनीको **सत्रौं बार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा सम्पन्न भयो । सभाव सूचना, बिषय सूचि, उपस्थिती, गणपुरक संख्या, बैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा संचाल समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता र सभाका निर्णयहरु समेतको विवर निम्नानुसार रहेको छ ।

**(क) सभा भएको स्थान, मिति र समय :**

(१) स्थान :कम्पनीको रजिष्ट्रर्ड कार्यालय, लिपनिविर्ता, पर्सा ।

(२) मिति : वि.सं. २०७४ साल मंसिर २९ गते, शुक्रवार (तदनुसार १५ डिसेम्वर, सन् २०१७)

(३) समय :विहान १०:०० बजे ।

**(ख) सभा सम्बन्धि सूचना :**

(१) कम्पनी ऐन २०६३ को दफा ६७ (२) को कानूनी प्रावधान बमोजिम सभा हुने ठाउं, मिति, सभा र हुने समय र छलफलका विषयहरु उल्लेख गरि सम्पूर्ण शेयरधनीहरुलाई कम्पनीको साधारण सभा जानकारी होस् भन्ने हेतुले मिति २०७४ साल मंसिर ६(छ) र २०७४ साल मंसिर ७ (सात) गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरि सूचित गरिएको थियो ।

(२) यसै गरि कम्पनी ऐन २०६३ को दफा ६७(२) को प्राबधान बमोजिम सत्रौं वार्षिक साधारण सभा भन्दा २१ दिन अगावै शेयरधनीहरुले उपलब्ध गराएको ठाँऊ ठेगानामा साधारण सभा हुने स्थान, मि समय र छलफलको विषय सूचीहरु खोली हुलाक/कुरियर्स मार्फत कम्पनीका सम्पूर्ण शेयरधनीहरु मिति २०७४ मंसिर ८ (आठ) गते कम्पनीको आ.व. २०७३।०७४ को आय विवरण लगायत साधा सभामा प्रस्तुत गरिएका छलफलका विषय सूची विवरणहरु उल्लेख भएको वार्षिक विवरण पठाइए थियो ।

(३) यसै गरी कम्पनीले कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको विवरणलाई ऐनको प्रावधान बमो मिति २०७४/०८/६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाईएको थियो ।

(४) साधारण सभा हुनु भन्दा २१ दिन अगावै नेपाल स्टक एक्सचेन्ज लिमिटेड र नेपाल धितो पत्र बो समेत साधारण सभाको जानकारी वार्षिक प्रतिवेदन सहित गराईएको थियो ।

(ग) साधारण सभामा छलफलका लागी प्रस्तुत विषयहरु :

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने अध्यक्षको प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०७३/०७४ को वासलात,नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाव सहितको परीक्षण प्रतिवेदनलाई स्विकृत गर्ने ।

३. संचालक समितिले सिफारिस गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई नगद लाभांसमा लाग्ने कर र प्रति शेयर रु.२१।०५ (एकाईस रुपैया पांच पैसा) का दरले नगद लाभांस वितरण गर्न स्विकृत गर्ने

४. आ.व. २०७४/०७५ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समिति सिफारिस भई आएका जि.पि.राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस्लाई नियुक्ती गरी नि

पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जि.पि.राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस् पुन नियुक्तीका लागि योग्य हुनु हुन्छ) ।

५. मिति २०७४ आश्विन १५ गते देखि मंसिर २८, २०७४ सम्म संचालक समितिले गरेका कार्यहरु संचालक समितिका सदस्यहरुको कार्यकाललाई समर्थन तथा अनुमोदन गर्ने ।

६. कम्पनी र जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि., फुड एण्ड वेभरेज टेक्नोलोजी रिसर्च सेन्टर प्रा.लि जे.जि.आई.डिष्ट्रिव्यूसन प्रा.लि. वीच भएका ३(तीन) सम्भौताहरुलाई स्विकृत गर्ने ।

७. संचालक समुहमा रहने संस्थापक समुहबाट ३(तीन) जना र सर्व साधारण समुहबाट २(दुई) जना संचालक सदस्यहरुको निर्वाचनद्धारा चयन गर्ने ।

विषेश प्रस्तावहरु :

८. आ.व.२०७४।०७५ को लागि कम्पनी ऐन २०६३ को दफा १०५(ग) ले व्यवस्था गरे भन्दा वढिक खर्चलाई पूर्व स्विकृतीका लागि विषेश प्रस्ताव पारित गर्ने ।

९. बिविध ।

(घ) उपस्थीती :

(१) कम्पनीको सत्रौं वार्षिक साधारण सभामा संचालक समितिका सदस्यहरुको उपस्थीती :

| | | |
|---|---|---|
| (क) | श्री अखिलेश्वर प्रसाद सिंह | अध्यक्ष |
| (ख) | श्री नरेन्द्र कुमार वस्न्यात् | संचालक |
| (ग) | श्री साण्टु श्रेष्ठ | संचालक |
| (घ) | श्री शंकर राज पाण्डे | संचालक |

(२) सभामा उपस्थित हुन पाउने शेयर संख्या र स्वयं वा प्रतिनिधी मार्फत उपस्थित शेयरधनी तथ संचालकहरुको संख्या र उपस्थितीको प्रतिशत:

(क) कुल सभामा भाग लिन पाउने शेयर संख्या : ३८,५६,४५५ कित्ता ।

(ख) स्वयं वा प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या : (स्वंय ४ जना, प्रतिनिधि मार्फत ९ जना गरि जम्मा १३ जना)

(ग) जम्मा उपस्थित शेयर कित्ता संख्या : ३६,९६,६६० कित्ता ।

(घ) जम्मा अनुपस्थित शेयर कित्ता शंख्या : १,५९,७९५ कित्ता ।

(ङ) सभामा उपस्थिति रहेको शेयर शंख्याको प्रतिशत : ९५.८६ प्रतिशत ।

(च) सभामा अनुपस्थिति रहेको शेयर शंख्याको प्रतिशत : ४.१४ प्रतिशत ।

(ङ) सभाको बैधानिकता :

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने ठाऊ, मिति, समय र छलफल गर्ने विषय खोलि सबै शेयरधनीहरुलाई सूचना पठाईएको एवं राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक सूचना प्रकाशित गरि

हिमालयन डिस्टिलरीज लिमिटेड पर्सा नेपाल

शेयरधनीहरुलाई सूचित गरिएको साथै कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम सभा संचालनका लागी वााडफाँड भएको कूल शेयर शंख्याको न्यूनतम ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३(तीन) जना स्वयं वा आफनो प्रतिनिधी मार्फत उपस्थित हुनु पर्नेमा सो अनुसारको गणपुरक संख्या र उपस्थिती आजको यस साधारण सभामा भएको पाईएकाले उपस्थित शेयरधनीहरुले प्रस्तुत बार्षिक साधारण सभा कम्पनी ऐन २०६३ र कम्पनीको नियमावलीको नियम १३(ग) बमोजिम कम्तीमा ७ जना शेयरवाला वा निजका प्रतिनिधी उपस्थिती हुने पर्नेमा ७ जना भन्दा वढिको उपस्थिती भएको र उपस्थित शेयर संख्याको प्रतिशत ९५.८६ भएकाले गणपुरक संख्या पुगेको यकिन भई सभाको वैधानिकता यकिन गरियो । तत् पश्चात पूर्व सूचित छलफलका विषयहरु उपर छलफल तथा निर्णयका लागि सभाको आरम्भ गरियो ।

**(च) संचालक समितीको तर्फबाट सभामा पेश भएको अध्यक्षको प्रतिवेदन र सो प्रतिवेदनलाई सभा समक्ष प्रस्तुति :**

कम्पनी ऐन २०६३ को दफा ७४ को प्रवाधान अनुसार शेयरधनी एवं यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंह ज्यूले अध्यक्षता ग्रहण गर्नु भयो । सभाध्यक्षले कम्पनीको सत्रौ वार्षिक साधारण सभामा सहभागी हुन आउनु भएका शेयरधनी तथा संचालक सदस्यहरुलाई स्वागत गर्दै साधारण सभाको बिषय सूचिको प्रस्ताव नं. १ मा उल्लेखित संचालक समितिको तर्फबाट सभामा पेश भएको अध्यक्षको प्रतिवेदनलाई सभामा वाचन गर्नु भयो ।

**(छ) छलफलको लागि आव्हान :**

(१)प्रतिवेदन प्रस्तुत गरे पश्चात उपस्थित शेयरधनी महानुभावहरुलाई यस सभाको वार्षिक प्रतिवेदन उपर जिज्ञासाहरु भए प्रस्तुत गर्न अनुरोध गर्दै साधारण सभाको सम्पुर्ण बिषय सूचिहरु उपर आवश्यक छलफल र विचार विमर्शको लागि सभा अध्यक्षले आव्हान गर्नु भयो ।

(२)कम्पनीको आर्थिक बर्ष २०७३/०७४ मा भएको काम कारवाही, समस्या एवं चुनौतिहरु र व्यवस्थापनबाट कम्पनीको स्तरोन्नतीको लागि भईरहेको कार्यहरुको विवरण उल्लेख गर्दै आर्थिक बर्ष २०७३/७४ मा रु.४,८८,६८,०६६/- (अक्षरुपी चार करोड अठासी लाख अठसट्ठी हजार छैसट्ठी रुपैया मात्र) आयकर पछिको खुद मुनाफा आर्जन गर्न सफल भएको जानकारी शेयरधनीहरुलाई गराईयो । कम्पनीको मुनाफा गत वर्ष भन्दा अत्यधिक घट्न गएको जानकारी गराउदै, शेयरधनीहरुको लगानी संरक्षणका लागि सक्दो प्रयास भई नै रहेको जानकारी सभामा गराईयो । तत् पश्चात संचालक समितिका तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदनमा केहि जिज्ञासा, कैफियतहरु भएमा राख्नका लागि उपस्थित शेयरधनीहरुलाई आग्रह गरियो ।

शेयरधनीका तर्फबाट जिज्ञासा राख्दै समृद्धि क्यापिटल लिमिटेडका प्रतिनिधि तथा उक्त क्यापिटलका प्रमूख कार्यकारी अधिकृत श्री अंगिस घिमिरेले तपशिल बमोजिमका जिज्ञासा राख्नु भयो ।

१. Golden Oak र Black Oak को Product Segment र मूल्यको अन्तर के हुन्छ ?

२. कम्पनीका उत्पादनहरुका विकी लक्ष्य र मुनाफा शेयरमा रहेको प्रतिशत कस्तो छ ?

३. कम्पनीको समग्र आर्थिक कारोवारको जानकारी शेयरधनीहरुले पाउनु पर्ने विषय र शेयरधनीहरुको हितको लागि कम्पनी संचालक समितिको प्रतिवद्धता कस्तो रहेको छ ?

उपस्थित शेयरधनीको जिज्ञासाको जवाफ संचालक समितिका सदस्य श्री साण्टु श्रेष्ठले दिनु भयो "Golden Oak र Black Oak दुवै ४० यु.पि. शक्तीका मदिराहरु हुन, Golden Oak भन्दा Black Oak प्रिमियम ब्राण्डको कालो वोतलमा उत्पादन तथा विकी वितरण गर्ने लक्ष्यका साथ कार्य गरि रहेको । निश्चय पनि Golden Oak को भन्दा बजार मूल्य केहि उच्च हुने कुरा सभामा जानकारी गराउनु भयो" ।

यसै गरि अर्को जिज्ञासाको निराकरणका लागि कम्पनी व्यवस्थापनका अर्थ प्रमूख श्री सतिस कुमार कर्णलाई अध्यक्षले आग्रह गर्नु भयो । सो सम्वन्धमा श्री सतिस कुमार कर्णले " कम्पनीले हाल उत्पादन गरि रहेको २५ यु.पि. शक्तीमा Royal Treasure,४० यु.पि. शक्तीमा Golden Oak नामक मदिराहरु नै हुन । तत्कालै ४० यु.पि. शक्तीमा नै प्रिमियम ब्राण्डका रुपमा Black Oak नामक मदिरा वजारमा ल्याउदै छौं । जहा सम्म कम्पनीले लिएको लक्ष्यको विषय छ, हामीले आ.व. २०७४।०७५ का लागि Royal Treasure को लक्ष्य १,००,००० केश, Golden Oak को लक्ष्य ४,००,००० केश र स्प्रिट उत्पादन तथा विकी वितरणको लक्ष्य ४४,००,००० लिटर लिएका छौं । लक्ष्य अनुसारको कार्य गर्न सकेमा आ.व. २०७४।०७५ को समग्र कम्पनीको मुनाफामा साकारात्मक प्रभाव पर्ने प्रक्षेपण गरिएको " भनी सभा समक्ष जानकारी गराउनु भयो ।

यसै गरि उपस्थित शेयरधनीको अर्को जिज्ञासाका सम्वन्धमा संचालक तथा शेयधनी श्री शंकरराज पाण्डेले जवाफ दिदै " हालको प्रतिस्पर्धात्मक बजारको स्थितिलाई नियाल्दा कम्पनीको समग्र आर्थिक कारोवारका अतिरिक्त अन्य गतिविधीहरुका सवै कुराहरुको जानकारी शेयरधनीहरुलाई गराउन प्रतिस्पर्धात्मक रुपमा उचित नहुने, यस्तो जानकारी उपलब्ध गराउदा कम्पनीमा लगानी गर्ने शेयर धनीहरुलाई नै प्रत्यक्ष अहित हुन्छ । यस तर्फ सधै सचेत रहनु पर्ने, हाम्रो जस्तो मदिराको व्यवसायिक क्रियाकलापमा केहि गोप्यता राख्नु पर्ने नै हितकर हुन जान्छ, यसो भन्दैमा शेयरधनहिरुलाई कानूनत: जानकारी गराउनु पर्ने विषयहरुमा हामी सदैव खुल्ला रहेका छौं । यसै गरि सम्पूर्ण सर्व साधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्दै संचालक समितिमा हामीले गरि आएको तथा साधारण शेयरधनीको हितमा समेत काम गर्ने प्रतिवद्धता व्यक्त सभामा गर्नु भयो" ।

(ज) सभाका निर्णयहरु :

*निर्णय नं.१:-* <u>संचालक समितिको तर्फबाट साधारण सभामा पेश भएको अध्यक्षको प्रतिवेदनलाई पारित गर्ने:-</u> विस्तृत छलफल पश्चात_यस कम्पनीको सत्रौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट पेश भएको अध्यक्षको प्रतिवेदनलाई पारित गरियोस भनि राखिएको प्रस्तावलाई सभाबाट सर्व सम्मतिले पारित गरियो ।

निर्णय नं.२:-<u>कम्पनीको आ.ब.२०७३/०७४ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाव सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने:-</u> सभामा छलफलका लागि प्रस्तुत गरिएको आ.व.२०७३/०७४ को वासलात, नाफा–नोक्सान हिसाब र_नगद प्रवाह हिसाव सहितको लेखा परीक्षण प्रतिवेदन स्विकृतका लागि प्रस्ताव गर्दा सभामा उपस्थित सम्पूर्ण शेयरधनी सदस्यहरुवाट सर्व सम्मत रुपमा स्विकृत भएको घोषणा गरियो ।

निर्णय नं.३:-संचालक समितिले सिफारिस गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई नगद लाभांसमा लाग्ने कर समेत प्रति शेयर रु. २१।०५ (अक्षरुपी एकाईस रुपैया पांच पैसा) मात्र का दरले नगद

**लाभांस वितरण गर्न स्विकृत गर्ने** :- कम्पनीले आ.व.२०७३।०७४ मा आर्जन गरेको मुनाफा र कम्पनीको वासलातमा देखिएको Retained Earning समेतवाट (नगद लाभासमा लाग्ने कर समेत) प्रति शेयर रु.२१।०५ का दरले नगद लाभांस वितरण गर्न संचालक समितिले सिफारिस गरेकोले सो सिफारिसलाई स्विकृत गरियोस् भनी राखेको प्रस्तावलाई सर्व सम्मतवाट पारित गरियो ।

निर्णय नं. ४:-**आ.व. २०७४/०७५ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट सिफारिस भई आएका जि. पि. राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जि.पि.राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस् पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छ)** :- कम्पनी ऐन २०६३ को दफा १११(३) को प्रावधानलाई दृष्टिगत गर्दा कम्पनीको लेखा परीक्षणको कार्यका लागि सिफारिस भएका श्री जि.पि.राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस् आ.व. २०७४/०७५ का लागि नियुक्ती गर्न कानूनतः मिल्ने देखिएकोले निज श्री जि.पि. राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउटेण्डसलाई वार्षिक पारिश्रमिक रु.३,००,०००।०० (अक्षरुपी तीन लाख) निर्धारण गर्ने गरि नियुक्ती गर्ने निर्णय सर्व सम्मतीले गरियो ।

निर्णय नं. ५:-**मिति २०७४ आश्विन १५ गते देखि मंसिर २८, २०७४ सम्म संचालक समितिले गरेका कार्यहरु र संचालक समितिका सदस्यहरुको कार्यकाललाई समर्थन तथा अनुमोदन गर्ने** :- प्रस्तुत छलफलका लागि विषय सूचीमा समावेश गरेको विषय उपर छलफल हुदां संचालक समितिमा रहेका संचालकहरुको कार्यकाल २०७४ आश्विन १५ मा सकिएको र तत्कालै संचालकहरुको चयन गर्दा सधै सोहि समयमा संचालक चयन गर्नु पर्नेका साथ साथै वार्षिक विवरण लगायत अन्य विवरणहरु तयार हुन समय लाग्ने हुनाले संचालक समितिले मिति २०७४ आश्विन १५ गते देखि मंसिर २८, २०७४सम्म गरेका कार्य र सो अवधिको संचालक समितिको कार्यकाललाई समर्थन तथा अनुमोदनका लागि यस सभामा ल्याईएको उपस्थित शेयरधनीहरु समक्ष जानकारी गराईयो ।

मिति २०७४ आश्विन १५ गते देखि मंसिर २८, २०७४ सम्म संचालक समितिले गरेका कार्यहरु र सो अवधिको संचालक समितिको कार्यकाल व्यवहारिक कारणबाट दृष्टिगत गरी समर्थन तथा अनुमोदन गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं:-६.**कम्पनी र जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि., फुड एण्ड वेभरेज टेक्नोलोजी रिसर्च सेन्टर प्रा.लि र जे.जि.आई.डिष्ट्रिव्यूसन प्रा.लि. वीच भएका ३(तीन) सम्झौताहरुलाई स्विकृत गर्ने** :-कम्पनी ऐन २०६३ को दफा ९३ मा उल्लेखीत प्रवधान बमोजिम कुनै पनि पब्लिक कम्पनीको वार्षिक साधारण सभाको स्विकृती विना आफनो कुनै संचालक वा निजको नजिकको नातेदार वा आधारभूत शेयरधनी वा आफनो **मुख्य कम्पनीको साधारण सभाको स्विकृती विना सहायक कम्पनीले मूख्य कम्पनीको संचालक वा निजको नजिकको नातेदार वा आधारभूत शेयरधनीसंग अर्थ पूर्ण कारोवार गर्न सक्ने छैन** भन्ने स्पष्ट प्रावधान रहेको व्यहोरा सभामा सदा भै अवगत गराईयो । उल्लेखित कम्पनीका एकल संचालक यस हिमालयन डिष्टिलरी लिमिटेडका प्रवन्ध संचालक श्री राज वहादुर शाह (२०७४ अषाढ १८ गते सम्म) का पिता तथा हाल

हिमालयन डिष्टिलरी लिमिटेड पर्सा नेपाल

संचालक समितिमा रहनु भएकी श्रीमती रहिशा शाह श्रेष्ठका सशुरा हुनु रहनु भएको र उहांको संलग्नता प्रत्यक्ष वा परोक्ष रुपमा हिमालयन डिष्टिलरीको स्थापनाकाल देखि नै रहि आएको सभामा जानकारी गराईयो । यस कम्पनीले उल्लेखित कम्पनीहरुसंग गरेको कारोवार अर्थपूर्ण कारोवार हुने भएकाले ऐनको प्रावधान बमोजिम साधारण सभाको स्विकृतका लागि छलफलका विषय सूचीमा समावेश गरिएको सभामा अवगत गराईयो । साथै कम्पनी ऐन २०६३ को दफा ७०(१) र (२) को प्रावधान बमोजिम आफू र कम्पनीको विचमा भएको वा हुने कुनै शर्त बन्देजको सम्वन्धमा हुने छलफलमा कुनै व्यक्तिले शेयरधनीको हैसियतबाट आफै वा आफनो प्रतिनिधीद्धारा भाग लिन र मतदान गर्न पाउने छैन र कुनै संचालकको आफनो सरोकार वा स्वार्थ भएको कुनै सम्झौता, करार वा ठेक्का पट्टाका सम्वन्धमा साधारण सभामा हुने छलफलमा उक्त संचालक वा निजको हिस्सेदार वा प्रतिनिधिले मतदान गर्न पाउने छैन भनी किटानीका साथ स्पष्ट व्यवस्था भएको हुदा सोही प्रावधानहरुलाई मध्यनजर गरी प्रस्तुत प्रस्तावहरुमा कम्पनी कै हित र संचालनका तथा आर्थिक वृद्धि र स्तरोन्नतीको लागि उक्त प्रस्ताव छलफलमा पेश भएको भएता पनि भविश्यमा कुनै पनि प्रकारको विवाद, वखेडा वा कम्पनीलाई बाधा अवरोध नहोस् भनी कम्पनी कै हितको लागि संचालक समितिका सदस्यका प्रतिनिधि र अन्य सरोकारवाला शेयरधनीका प्रतिनिधीले उक्त छलफलमा भाग नलिनु भएको । उहांहरु बाहेक सभामा उपस्थित हुनु भएका अन्य शेयरधनी तथा संचालकहरुले मात्र प्रस्तुत छलफलमा भाग लिई मतदान गरी जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि. वीच भएको मिति २०७६ अषाढ मसान्त सम्मको Out Sourcing Agreement for Management Operation Services, फुड एण्ड वेभरेज टेक्नोलोजी सिसर्च सेन्टर प्रा.लि. संग भएको मदिरा अनुसन्धान, विकाश ब्लेण्डिङ्ग सम्वन्धि कार्य गर्ने मिति २०७६ अषाढ मसान्त सम्मको सम्झौता, र जे.जि.आई.डिष्ट्रिव्यूसन प्रा.लि.संग मिति २०७६ आश्विन मसान्त सम्मको लागि भएको कम्पनीबाट उत्पादन भएका विभिन्न तयारी मदिराको नेशनल डिष्ट्रिव्यूटर्स लिने र दिने सम्वन्धि सम्झौतालाई सर्व सम्मतबाट स्विकृत गरियो ।

**निर्णय न.७:-संचालक समितिमा रहने संस्थापक समुहबाट तीन(३) र सर्व साधारण समुहबाट दुई (२) जना संचालक सदस्यहरुको निर्वाचनद्धारा चयन गर्ने :-** प्रस्तुत विषयका सम्वन्धमा मिति २०७४ कार्तिक २९ गते बसेको संचालक समितिको वैठकले यस कम्पनीको संचालक सदस्यहरुको निर्वाचन संग सम्वन्धि सम्पुर्ण कार्य गर्नका लागि नर्वाचन अधिकृतमा अधिवक्ता रामेश्वर सेढाईलाई नियुक्ती गरिएको सभामा अवगत गराईयो । यस कम्पनीका संचालक सदस्यहरुको निर्वाचन सम्वन्धमा ऐन, नियम अनुसार भए गरेका सम्पूर्ण कुराहरु र निर्वाचन संग सम्वन्धित गर्नु पर्ने थप कुराहरुका सम्वन्धमा स्पष्ट गरि दिन हुन र निर्वाचन, निर्वाचनको प्रकृया र निर्वाचित संचालक सदस्यहरुको नामावाली आदि समेत घोषणा जस्ता कार्य गरि दिनका लागि सभा अध्यक्षले निर्वाचन अधिकृत श्री रामेश्वर सेढाईलाई आग्रह गर्नु भयो ।

निर्वाचन अधिकृतले सभामा उपस्थित हुनु भएका शेयरधनी महानुभाव, सभाका अध्यक्ष र संचालक समितिका सदस्यहरुलाई स्वागत गर्दै आफूलाई सुम्पेको कार्यभार निश्पक्ष र ऐन नियमको परिधिमा रहेर सम्पन्न गरेको जानकारी दिनका साथ साथै निर्वाचन सम्वन्धि प्रकाशित कार्यक्रमका विषयमा समेत जानकारी गराउनु भयो । सो अनुसार मिति २०७४।०८।२२ गते १०

वजे निर्वाचन कार्यक्रम प्रकाशित गरेको, मिति २०७४।०८।२४ गते १० वजे शेयरधनी सदस्यहरु( मतदाता)को नामावली प्रकासन गरिएको, मिति २०७४।०८।२५ गते १० वजे मतदाताहरुको अन्तिम नावाली प्रकासन गरेको, निर्वाचन कार्यक्रम अनुसार मिति २०७४।०८।२६ गते उम्मेदवारको मनोनयन दर्ता र नामावली प्रकासन गर्ने रहेकोमा सोहि दिन दिनको २:०० वजे सम्म उम्मेदवार दिने शेयरधनीहरुको मनोनयन दर्ता र ४:०० वजे उम्मेदवारको नामावली प्रकासन गरिएको, मिति २०७४।०८।२७ गते उम्मेदवारको नामावली दावी विरोध र नामावली फिर्ता गर्ने कार्यक्रम उपर कोहि कसैको दावी विरोध र नामावली फिर्ता लिनु नभएकोले मनोनयन दर्ता गर्ने कम्पनीका संस्थापक शेयरधनीहरु मध्येवाट श्री अखिलेश्वर प्रसाद सिंह (वाराउद्योरण, सर्लाही), श्री नरेन्द्र कुमार वस्न्यात् (ललितपुर, ल.पु.म.न.पा. वार्ड न.१, कुपण्डोल) श्रीमती रहिशा शाह श्रेष्ठ (ललितपुर, गोदावरी वार्ड नं. ६) र सर्व साधारण शेयरधनी मध्येवाट श्री शंकरराज पाण्डे, (जिल्ला काठमाण्डौं, का.म.न.पा.पुरानो वानेश्वर हाईट ) र श्री साण्टु श्रेष्ठ (जिल्ला काठमाण्डौं, का.म.न.पा. वार्ड नं. ११) को मात्र उम्मेदवारी परे अनुसार अन्तिम नामावली २०७४ मंसिर २८ गते दिनको ४:०० वजे प्रकासन गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

यसरी कम्पनीको संसोधित नियमावलीको व्यवस्था वमोजिम तपशिलमा उल्लेख भए वमोजिमका संस्थापक सदस्यहरुको तर्फवाट ३(तीन) जना मात्रको र सर्व साधारण शेयरधनीको तर्फवाट २( दुई) जना मात्रको कम्पनी संचालक सदस्यहरुमा उम्मेदवारी परेको हुनाले आगमी ४(चार) वर्षका लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भई निर्विरोध निर्वाचित हुनु भएका सम्पूर्ण संचालक सदस्यहरुलाई संचालक सदस्यमा निर्विरोध निर्वाचित हुनु भएको प्रमाण पत्र वितरण गर्दै सफल कार्यकालको शुभकामना समेत दिनु भयो ।

तपशिल

| क.श. | उम्मेदवारको नामावली | निर्वाचित समुह | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | श्री अखिलेश्वर प्र.सिंह | संस्थापक | वाराउद्योरण, सर्लाही | |
| २. | श्री नरेन्द्र कुमार वस्न्यात् | संस्थापक | ललितपुर–१, कुपण्डोल | |
| ३. | श्रीमती रहिशा शाह श्रेष्ठ | संस्थापक | गोदावरी–६, ललितपुर | |
| ४. | श्री शंकरराज पाण्डे | सर्व साधारण | का.म.न.पा, पुरानो वानेश्वर | |
| ५. | श्री साण्टु श्रेष्ठ | सर्व साधारण | का.म.न.पा.–११,थापाथली | |

<u>विषेश प्रस्तावहरुः</u>

निर्णय नं.८.आ.व.२०७४।०७५ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृती गर्ने वारे : कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को देहाय ग. ले व्यवस्था गरेको जम्मा रु.५०,०००।०० (पचास हजार) मात्र को सिमा भित्र

हिमालयन डिस्टलरी लिमिटेड पर्सा नेपाल

रहेर कम्पनीले गर्ने चन्दा, अनुदान, दान जस्ता शिर्षकका खर्च गर्न सम्भव नहुने भएको हुनाले कम्पनीले वार्षिक रुपमा गर्ने चन्दा, अनुदान वा दान वापत हुने खर्च यस भन्दा पहिलेका वर्षहरुः आ.व. २०६९।०७० मा रु. ११,१७,००१।०० र आ.व.२०७०।०७१ मा रु.१०,१६,०३८।०० र आ.व. २०७१।०७२ मा रु.३,२७,११४।००,आ.व.२०७२।०७३ मा रु.३,६८,५००।०० र आ.व. २०७३।०७४ मा रु. ६,८८,०८७।०० वास्तविक खर्च भएको रेकर्डबाट देखिन आएको छ। उक्त शिर्षकमा हुने खर्च कहिले वढ्ने कहिले कम हुन जाने भएकाले यस शिर्षकमा आ.व.२०७४।०७५ को लागि रु.१५,००,०००।-(अक्षरुपी पन्ध्र लाख) सम्म भएको खर्चलाई पूर्व स्विकृती उपलब्ध गराउनका लागि संचालक समितिको निर्णयलाई पूर्व स्विकृती उपलब्ध गराउनका लागि यस सभामा प्रस्ताव आएको हुनाले पूर्व स्विकृतीको लागि सिफारिस गरेको रकम समय परीस्थिती अनुसार उपयुक्त नै भएका देखिएकाले उल्लेखित शिर्षक अन्तर्गत हुने खर्चको सिमा रु.१५,००,०००।०० (अक्षरुपी पन्ध्र लाख) मात्र सम्मलाई पूर्व स्विकृत गर्ने बिषेश प्रस्तावलाई स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो।

अन्तिममा विविध विषयहरुमा कुनै पनि जिज्ञासाहरु प्राप्त भएको जानकारी यस सभा समक्ष नआएकोले सभाअध्यक्षले उपस्थित सम्पूर्ण शेयरधनीहरु,आगन्तुक पाहुनाहरु, कम्पनीका पूर्व अध्यक्ष र प्रवन्ध संचालक, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्राकारहरु र कम्पनीमा काम गर्ने कर्मचारीहरु तथा कामदारहरुलाई सभामा सहभागी हुनु भएकोमा धन्यवाद ज्ञापन गर्दै र पूर्व संचालक सदस्यहरुबाट सदैव सहयोग र सुझावहरुको अपेक्षा गर्दै नव निर्वाचित संचालकहरुको कार्यकालको सफलताको कामनाका व्यक्त गर्दै आजको सभा विर्षजन गर्नु भई सवै आगन्तुकहरुलाई कम्पनीले आयोजना गरेको जलपानमा सहभागी हुनका लागि अनुरोध गर्नु भयो।

अखिलेश्वर प्रसाद सिंह
सभा अध्यक्ष तथा संचालक समितिका अध्यक्ष
मिति २०७४।०८।२९, पर्सा।
तदनुसार १५ डिसेम्वर १०१७, शुकवार।

नेत्र प्रसाद तिम्सीना
कम्पनी सचिव